# शिक्षक तालिमको प्रयोग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष

शैक्षिक योजना तथा व्यवस्थपन विषय (५९८) को आंशिक

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

शोधार्थी

ज्ञानप्रसाद ओभा

त्रि.वि. दर्ता नं. १९२५५-८९

परीक्षा रोल.नं. २१४००३०/२०६३

शैक्षिक वर्ष : ०६२/०६३

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग

चैत्र, २०६९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तहको दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि **'शिक्षक तालिमको प्रयोग'** विषयक शोधपत्र तयार पारिएको छ ।

विषयवस्तुको गहन अध्ययन, तथ्याङ्क सङ्कलन एवं विश्लेषण गरी सत्यतथ्य पत्ता लगाउने कार्य अनुसन्धान हो । प्रस्तुत शोधकार्यमा शिक्षकहरूको तालिम र तालिममा सिकेका ज्ञान, सीप र अभिवृत्तीहरूको कार्यक्षेत्रमा प्रयोगको अवस्थाबारे गहन अध्ययन गरी निष्कर्षमा पुग्ने काम भएकाले आगमी दिनमा यस क्षेत्रमा हुनसक्ने खोज अनुन्धानमा यसले सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

प्रस्तुत शोधपत्रको शीर्षक चयन र प्रस्ताव लेखन देखि अन्तिम प्रारूप तयारीको कार्यसम्म कुशल निर्देशन एवं मार्गदर्शनका लागि समय प्रदान गरी अमूल्य सहयोग, सल्लाह र सुझाव एवं प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु शोधनिर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी उचित सल्लाह र सुझाव दिनु हुने आदरणीय गुरु श्री गणेश दाहाल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधपत्र सम्पन्न गर्ने क्रममा नमूना छनोटमा परी आवश्यक एवं महत्वपूर्ण सूचना, तथ्याङ्क र जानकारी उपलब्ध गराउनु हुने प्र.अ., शिक्षक, सिंधुवा स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालयका वि.व्य.स. अध्यक्ष ज्यूहरू तथा अभिभावक ज्यूहरू एवं विद्यार्थीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस कार्यमा मलाई सहयोग प्रदान गर्नु हुने सहपाठी साथीहरू पनि धन्यवादका पात्र हुनु हुन्छ ।

यो शोधपत्रको टङ्कन कार्यमा आवश्यक सहयोग पुऱ्याउनु हुने बहिनी प्रज्ञा ओझालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ परिवारप्रति हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु ।

ज्ञानप्रसाद ओझा

# शोधसार

प्रस्तुत **'शिक्षक तालिमको प्रयोग'** शीर्षकमा गरिएको यस अध्ययनको प्रमुख उद्देश्य विद्यालयमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्नु, शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरू पत्ता लगाउनु र शिक्षक तालिमको प्रयोगमा आईपरेका समस्या समाधानका उपायहरू खोजी गर्नु रहेको छ । यस अध्ययनलाई सम्पन्न गर्न गुणात्मक एवम् परिमाणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ ।

प्रस्तुत विषयमा अध्ययन गर्न धनकुटा जिल्ला स्थित सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका जम्मा १० वटा सामुदायिक विद्यालयहरू, जसमध्ये १ उच्च मा.वि., २ वटा मा.वि., ३ वटा नि.मा.वि. र ४ वटा प्रा.वि.हरू छनोटमा परेका छन् । उक्त छनोटमा परेका प्रत्येक विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्षहरू, २-२ जना शिक्षकहरू र स्रोतव्यक्तिलाई नमुना छनोटको रूपमा लिइएको छ । अध्ययनका लागि कक्षा अवलोकन फाराम, कक्षा अवलोकन रुजुसूची, प्रश्नावली, समूह छलफल निर्देशिका र अन्तर्वार्ता जस्ता साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी प्राथमिक एवं द्वितीय दुवै स्रोतहरूको उपयोग गरिएको छ ।

अध्ययनको क्रममा कक्षा व्यवस्थापन सम्बन्धी सीपको प्रयोगको अवस्था कमजोर रहेको पाइयो । शिक्षण पूर्व विषयवस्तुको अध्ययन, अघिल्लो पाठको पुनरावलोकन, विद्यार्थीमा उत्प्रेरणा जगाउने, उपयुक्त उदाहरणको प्रस्तुती, उपयुक्त शिक्षणविधिको छनोट र प्रयोग, पुनर्वल एवं पृष्ठपोषण प्रदान, विद्यार्थी मूल्याङ्कन, पाठको निष्कर्ष दिने र गृहकार्य दिने कौशल सम्बन्धी सीपहरूको प्रयोगको अवस्था सन्तोषजनक पाइयो । उपयुक्त शै.सा. को निर्माण, छनोट,प्रयोग र शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गतका सीपहरूको प्रयोगको अवस्था सामान्य रहेको पाइयो । शिक्षकहरूले तालिममा सिकेको सबै सीपहरूलाई शिक्षणमा प्रयोग गर्न नसक्नुमा कक्षाकोठाको भौतिक वातावरण अनुकूल नहुनु, शै.सा.को अभाव, कमजोर आर्थिक अवस्था, विशेषगरी प्रस्तावित विद्यालयहरूमा दरबन्दी कम हुँदा कार्यबोझ बढी भई पर्याप्त तयारी गरी शिक्षण सीपको उपयोग गर्न नसकेको, सम्बन्धित पक्षबाट निरन्तर अनुगमन सुपरिवेक्षणको अभाव, पुनर्ताजगी तालिमको अभाव, शिक्षकहरूमा पेशाप्रति आत्म गौरव, उत्साह र जिम्मेवारीबोधको अभाव, उपयुक्त पुरस्कार र दण्डको नीति नहुँदा दक्ष र कर्तव्यनिष्ठ शिक्षकहरूमा समेत नैराश्यता बढ्दैजानु र तत्परता र

सक्रियता घट्दै जानु र विद्यार्थी उपस्थितिमा अनियमितता तथा कम लगनशिलता रहनु प्रमुख समस्याका रूपमा रहेको पाइयो।

शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरू समाधानका लागि व्यवस्थापन पक्षले स्रोतहरूको पहिचान एवं खोजी गरी विद्यालयको आर्थिक एवं भौतिक अवस्था सुदृढ बनाउनु पर्ने, शिक्षणका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराइनु पर्ने, सम्बन्धित निकायले स्थलगतरूपमा अध्ययन गरी उपयुक्त शिक्षक दरबन्दी व्यवस्थापन गरी आकर्षक सेवा सुविधा प्रदान गर्नु पर्ने र तालिमको प्रयोगको अनुगमन गरी दण्ड र पुरस्कारको नीति लागू गर्नु पर्ने, शिक्षकहरूलाई सेवाकालीन पुनर्ताजगी तालिम उपलब्ध गराइनु पर्ने, विद्यालयका स्थानीय सरोकारवालाहरूमा तालिम सम्बन्धी सचेतना जगाउनु पर्ने, विद्यार्थीको उपस्थितिमा नियमितता हुनुपर्ने र शिक्षकहरूले आफूले सिकेको सीपहरूलाई जिम्मेवारीका साथ प्रयोग गर्नुपर्ने देखिन्छ ।

# विषय सूची


| | | पृष्ठ संख्या |
|---|---|---|
| सिफारिस पत्र | | क |
| स्वीकृति पत्र | | ख |
| कृतज्ञताज्ञापन | | ग |
| शोधसार | | घ |

## परिच्छेद एक परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ | अध्ययनको परिसिमा | ८ |
| १.७ | मुख्य शब्दावलीहरूको परिभाषा | ८ |

## परिच्छेद दुई सम्बन्धित साहित्यको पुनारावलोकन तथा सैद्धान्तिक खाका

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ | पुनरावलोकनको उपादेयता | १३ |

## परिच्छेद तीन अध्ययन विधि

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | जनसङ्ख्या | १५ |
| ३.३ | नमूनाको छनोट | १५ |
| ३.४ | अनुसन्धानका साधनहरू | १५ |
| ३.५ | तथ्याङ्कका स्रोतहरू | १६ |
| ३.६ | तथ्याङ्क सङ्कलन विधि | १६ |
| ३.७ | तथ्याङ्क विश्लेषण विधि | १७ |

## परिच्छेद चार  तथ्याङ्कहरूको विश्लेषण र व्याख्या


४.१ शिक्षकहरूको तालिमको अवस्था १८

४.१.१ विद्यालयमा शिक्षकहरूको तालिमको प्रयोगको अवस्था १८

४.२ प्राथमिक तहमा शिक्षक तालिम प्रयोगको अवस्था १८

४.२.१ कक्षा व्यवस्थापन १९

४.२.२ शिक्षणका लागि पूर्वतयारीको अवस्था २१

४.२.३ विषयवस्तुको प्रस्तुती २२

४.२.४ शिक्षण विधिको प्रयोग २३

४.२.५ शैक्षिक सामग्रीको निर्माण, छनोट तथा प्रयोग २४

४.२.६ शिक्षण सिकाइ क्रियाकलपा २५

४.२.७ विद्यार्थी मूल्याङ्कन २७

४.२.८ पाठको अन्त्यमा सारांश र निष्कर्ष २८

४.२.९ शिक्षण सुधार  योजना तयारी र प्रयोगको अवस्था २८

४.३ शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरू २९

४.३.१ तालिमको प्रभावकारिता सम्बन्धि समस्या ३०

४.३.२ भौतिक वातावरण अनुकुल नहुनु ३१

४.३.३ शैक्षिक वातावरणसँग सम्बन्धित समस्याहरू ३१

४.३.४ अनुगमन तथा सुपरिवेक्षणको अभाव ३२

४.३.५ विद्यालयको कमजोर आर्थिक अवस्था ३२

४.४ तालिम प्रयोगमा आइपरेका समस्या समाधानका उपायहरू ३२

४.४.१ आवश्यकताको पहिचान ३३

४.४.२ तालिम प्रभावकारी र भरपर्दो हुन पर्ने ३३

४.४.३ पुनर्ताजगी तालिमको व्यवस्था ३४

४.४.४ विद्यालयको भौतिक पक्ष सुदृढ बनाइनु पर्ने ३४

४.४.५ विद्यालयमा उपयुक्त दरबन्दी हुनु पर्ने ३४

४.४.६ नियमित अनुगमन तथा सुपरिवेक्षण हुनु पर्ने ३४

४.४.७ पुरस्कार र दण्डको व्यवस्था र शिक्षकहरुमा प्रतिवद्धता ३५

४.४.८ नीतिगत व्यवस्था ३५

परिच्छेद पाँच   प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ३६

५.२ निष्कर्ष ३७

५.३ सुझावहरू ३९

सन्दर्भसूची

अनुसूचीहरुरू